# सम्झौता-पत्र

.............................................................................. र **एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.** बीच इन्टरनेट सेवा सम्वन्धी सम्झौता-पत्र यस सम्झौताको प्रथम पक्ष भन्नाले ......................................................................, दैलेख र दोस्रो पक्ष भन्नाले श्री **एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.** मुख्य कार्यालय, दैलेखलाई मानिनेछ । प्रथम पक्ष र दोस्रो पक्ष बीच ................................................................ **तथा तपशिल बमोजिमका स्थानहरू**, मा इन्टरनेट सेवा उपलब्ध गराउन तपशिलमा लेखिएका शर्तमा रही सम्झौता गर्न मञ्जुर भएका छौं ।

**शर्तहरूः**

**शर्त नं.१** इन्टरनेट जोडिएको कार्यालयमा इन्टरनेट तथा जडान सम्वन्धी समानहरूले काम गर्ने कुराको ग्यारेण्टी दोस्रो पक्षले गर्नु पर्नेछ ।

**शर्त नं.२** प्रथम पक्षले तपशिलमा उल्लेखित क्षमता सहितको इन्टरनेट सेवा संचालन गरेबापत लाग्ने शुल्क अर्धवार्षिक/बार्षिक रुपमा दोस्रो पक्षलाई भुक्तानी दिनु पर्नेछ ।

**तशिलः**

| सि. नं. | कार्यालयहरू/जडान स्थान | सम्पर्क व्यक्ति | सम्पर्क नं. | क्षमता | माशिक शुल्क (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सम्झौताका शर्त/वन्देजहरू**

१. इन्टर्नेट/इ-मेल सेवाको लागि तोकिएको जडान खर्च सेवा संचालन बापतको रकम ग्राहकले कम्पनीलाई बुझाउनु पर्नेछ ।

२. इन्टर्नेट/इ-मेल सेवाको लागि केवल वा अन्य उपकरण आवश्यक भएमा सोको लागत मुल्य ग्राहक स्वंयम आफैले ब्यहोर्नु पर्नेछ ।

३. सेवा संचालनको लागि यस **एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.** बाट उपलब्ध हुने वायरलेस मोडेम **(UBNT/Air Grid M5/Other Device)** को सुरक्षा प्रयोगकर्ता आफैले गर्नु पर्ने छ, कुनै कारणवस सो उपकरण हराएमा, फूटेमा, जलेमा, वा विद्युतको कारण विग्रिन गएमा सो को क्षतिपूर्ति प्रयोगकर्ताले ब्यहोर्नु पर्ने छ, आन्तरिक खराविको दाईत्व मात्र यस **एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.** को हुने छ, विग्रिएको उपकरण तथा त्यसको क्षतिपूर्ति वापतको रकम कम्पनीमा जम्मा गरि पुनः उपकरण लिन सकिने छ, उपकरण पुनः उपलब्ध गराउने नगराउने अधिकार यस कम्पनीको हुने छ ।

४. सेवा जडान भईसकेपछि प्रयोगकर्ताले आवश्यक सम्झी यस **एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.** तर्फ बाट प्रत्येक महिनामा एकपटक प्रत्यक्ष निःशुल्क सपोर्ट गरिने छ । प्रयोगकर्ता ले **Username / Password** मा गल्ती टाइप गरी, विद्युत जडान नगरी वा अन्य सामान्य गल्तीका कारण इन्टरनेट कनेक्सन नभई प्राविधिक आवश्यक भएमा प्रत्येक सपोर्टचार्ज वापत रू. १,०००।- लाग्ने छ ।

५. इन्टर्नेट/इ-मेल सेवा ठाँउसारी वा नामसारी गर्नु परेमा सम्पूर्ण प्रक्रियाहरू संस्थाको नियमानुसार हुनेछ ।

६. संस्थाले २४ सैं घण्टा सेवा उपलब्ध गराउने छ । इन्टर्नेट/इ-मेल सेवा अवरूद्ध भएमा तुरून्त संस्थाको मर्मत शाखामा सूचना गर्नु पर्नेछ र संस्थाले त्यस्तो सूचनाको रेकर्ड राखि सूचना पाएको २४ घण्टा भित्र मर्मत गरिने छ र सो समयभित्र मर्मत गर्न नसकिएमा ग्राहकलाई मर्मत गर्न नसकिएको अवधिभरको सेवा शुल्क छुट दिनु पर्नेछ । यसरी अवरूद्ध सेवा सञ्चालन गर्दा लाग्ने लागत **एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.** आफैले ब्यहोर्नु पर्ने छ ।

७. प्राविधिक कारण वा मर्मतको कारण सेवा अवरूद्ध हुने भएमा संस्थाले ग्राहकलाई ३ दिन अघि पूर्व जानकारी दिनु पर्नेछ ।

८. ग्राहकले सेवा शुल्क संस्थाको नियमानुसार समयमानै बुझाउनु पर्नेछ । तोकिएको समयभित्र महशुल नबुझाएमा संस्थाको नियमानुसार विलम्व शुल्क लाग्नेछ ।

९. विलम्व शुल्कको अन्तिम समयसम्म पनि ग्राहकले शुल्क नबुझाएमा ग्राहकको सेवा संस्थाले बन्द गरी शुल्क प्राप्त भए पश्चात पुनः सञ्चालन गरी दिनेछ ।

१०. जुनसुकै प्रयोजनको लागि लिएको इन्टर्नेट/इ-मेल सेवा दूरसञ्चार ऐन, नियम, नीति एवं अन्य ब्यवस्थाको प्रतिकूल हुने गरी गैर कानूनी तथा अनधिकृत प्रयोग भएको पाइएमा सम्बन्धित ग्राहक नै जवाफदेही हुनेछ ।

११. यो सम्झौता अवधि ग्राहकले इन्टर्नेट/इ-मेल सेवा प्रयोग गरेसम्म वा अन्य ग्राहकको नाममा नामसारी नभएसम्म कायम रहनेछ ।

१२. हुरी बतास, चक्काजाम, भौगोलिक विकटता जस्ता विशेष परिस्थिती बाहेक अन्य समयमा यस वायरलेसको मुख्य सिस्टम विग्रिन गई ग्राहकको इन्टरनेट सेवा अवरूद्ध भएमा, आफ्नो सेवा ७२ घण्डा (तीन दिन) भित्रमा मर्मत गर्नेछ । सो समय भित्र मर्मत गर्न नसकिएमा ग्राहकलाई मर्मत गर्न नसकिएको अवधिभर ग्राहकले तिर्नुपर्ने न्यूनतम मासिक महशुल रकमलाई आधार लिई सो रकमलाई प्रति दिनमा पर्ने शुल्क अनुसार दामासाहीले हुने रकम छुट दिन सक्नेछ ।

१३. कुनै दैवी घटना, सबै खाले आपतकालीन परिस्थिती, सरकार वा अन्य कुनै सक्षम सरकारी निकायले कुनै काम गर्दा वा नगर्दा परेको परिणम, आगजनी, चट्याङ, २४ घण्टा भन्दा बढि लगातार विद्युत आपूर्ति बन्द हुँदा, विष्फोटन, बाढी, महामारी, युद्ध काबु बाहिरको परिस्थितीको कारण सेवा अवरूद्ध हुन गई सम्झौता अनुसार आफ्नो दायित्व र कर्तब्य पुरा गर्न असमर्थ भएमा सम्झौता उल्लघंन भएको मानिने छैन् ।

१४. काबु बाहिरको परिस्थितीका कारण ग्राहकले पाउनु पर्ने सुविधाहरूमा प्रतिकुल प्रभाव परेमा वा सेवा अवरूद्ध भएमा ग्राहकले तिर्नु पर्ने न्यूनतम मासिक शुल्क प्रतिदिनको दामासाहिको दरले मिन्हा गरिनेछ । ग्राहकलाई परेको अन्य क्षतिपूर्ति तिर्न एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि. बाध्य हुने छैन् ।

१५. यस अघि ग्राहकसंग भए गरेका सम्झौतालाई यसैं सम्झौता परिणत गरिएको छ । यो सम्झौता लागू भएपछि यस अघिका सम्पूर्ण सम्झौताहरू स्वतः खारेज भएको मानिनेछ ।

१६. यो सम्झौता १ वर्षको लागि मात्र हुनेछ, सम्झौताको म्याद सकिएको खण्डमा नयाँ सम्झौता गर्नुपर्नेछ ।

१७. यो सम्झौता मिति ................................ देखि लागु भई ........................................ गते म्याद सकिनेछ ।

**यस सम्झौता पत्रमा लेखिएको कुरा सही सत्य छ भनि सहीछाप गरी गराई दिएका/लिएका छौं ।**

**ईतिसम्वत् ..................... साल .................... महिना ........ गते रोज् ....... शुभम् ।**

| | |
|---|---|
| **पहिलो पक्षको तर्फबाटः** | **दोस्रो पक्षको तर्फबाटः** |
| पद :........................................................ | पद :........................................................ |
| नाम :........................................................ | नाम :........................................................ |
| कार्यालय :................................................. | एभरेष्ट वायरलेस नेटवर्क प्रा. लि.<br>नारायण न.पा. १, दैलेख |

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |